समृद्ध पैयूँको आधार; कृषि, प्रविधि र पूर्वाधार”

# पैयूँ गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ को वार्षिक समिक्षा प्रतिवेदन सार्वजनिकरण कार्यक्रम

मिति:-२०८३ श्रावण २६ गते
स्थान:- पैयूँ गाउँ गाउँपालिकाको सभाहल हुवास, पर्वत


**आयोजक**
पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
हुवास, पर्वत

## प्रस्तुतिका मूख्य विषयवस्तुहरु

# पैयूँ गाउँपालिकाको संक्षिप्त विवरण

- गाउँपालिकाको सामान्य परिचय
- गाउँपालिकामा कार्यरत जनशक्ति विवरण
- आ.व. ०८२/०८३ को प्रगति प्रस्तुतिकरण
- आ.व. ०८२/०८३ को संक्षिप्त वित्तीय अवस्था

# पैयूँ गाउँपालिकाको मानचित्र




पैयूँ गाउँपालिकाको बिस्तृत विवरण

| क्र.स | नयाँ वडा नं. | गा.वि.स. कोड | साविक गा.वि.स. र वडा नं. | जनसंख्या |  | जम्मा जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी) |
|---|---|---|---|---|---|---|---|
|  |  |  |  | पुरुष | महिला |  |  |
| १ | १ | २५८८ | टकलाक (१-९) | ५१५ | ६०५ | ११२० | ४.४३७ |
| २ | २ | २५९४ | त्रिवेणी (१-९) | ७९५ | ८२७ | १६२२ | ७.१७५ |
| ३ | ३ |  | त्रिवेणी (१-९) | ९४१ | ११४० | २०८१ | ६.७२५ |
| ४ | ४ | २५९२ | हुवास (१-३,७,८) | १६२५ | १८०३ | ३४२८ | ४.९९४ |
| ५ | ५ |  | हुवास (४-६,९) | ६२६ | ७३३ | १३५९ | ५.३५२ |
| ६ | ६ | २५९३ | सरौखोला (१-९) | ७१३ | ८३१ | १५४४ | ६.२७४ |
| ७ | ७ | २५९० | भोर्ले (१-९) | ७१४ | ८५७ | १५७१ | ७.२६५ |
| जम्मा |  |  |  | ५९२९ | ६७९६ | १२७२५ | ४२.२२२ |

# पैयूँ गाउँपालिकाको प्रशासकीय भवन



# १. गाउँपालिकाको संक्षिप्त परिचय

| सि.नं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | जन संख्या | |
| | महिला | ६७९६ |
| | पुरुष | ५९२९ |
| | कूल जन संख्या | १२७२५ |
| २ | क्षेत्रफल (व.कि.मि.) कूल क्षेत्रफल | ४२.५ वर्ग कि.मि. |
| | कृषि योग्य भूमि | २८.४% |
| | वन जङ्गलले ओगटेको | ९.९६% |
| | अन्य | ६१.६४% |
| ३ | साक्षरता साक्षरता प्रतिशत | ८१.२१ |
| ४ | समावेस भएका साविक गाविसहरु | भोर्ले, सरौंखोला, हुवास, त्रिवेणी, वेउलीवास र टकलाक |
| ५ | वडा संख्या | ७ वटा |
| ६ | सिमामा जोडिएका पालिकाहरु | ५ वटा |
| | पुर्व | वालिङ्ग र भिरकोट नगरपालिका |
| | पश्चिम | विहादी गाउँपालिका |
| | उत्तर | महाशिला गाउँपालिका |
| | दक्षिण | गल्याङ्ग नगरपालिका |

# गाउँपालिकामा कार्यरत जनशक्ति विवरण

| सि.न. | पद/तह | स्वीकृत दरवन्दी | | पदपुर्ती भएको संख्या | | रिक्त संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रशासन | प्राविधिक | प्रशासन | प्राविधिक | प्रशासन | प्राविधिक | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | | १ | | | | |
| २ | अधिकृत दशौं | | | | | | | |
| ३ | अधिकृत नवौं | | १ | | | | १ | |
| ४ | अधिकृत आठौं | | | | | | | |
| ५ | अधिकृत सातौं | ४ | २ | ३ | १ | १ | १ | |
| ६ | अधिकृत छैटौं | | | | | | | |
| ७ | सहायकस्तर पाँचौं | ११ | ११ | ९ | १० | २ | १ | |
| ८ | सहायकस्तर चौथो | ५ | १० | १ | ४ | ४ | ६ | |
| | जम्मा | २१ | २४ | १४ | १५ | ७ | ९ | |
| | | ४५ | | २९ | | १६ | | |

# कर्मचारी संख्या

१-गाउँपालिका तर्फ:-४५ जना

( समाजिक सुरक्षा तथा पञ्जिकरण, लघुउद्यम विकास कार्यक्रम, कार्यालय सहयोगी र सवारी चालक समेत)

स्थायी :-२० करार :-२४ अस्थायी:-१

२-वडा तर्फ:-२१ जना

(एक गाउँ एक प्राविधिक, गरिवसंग विश्वेश्वर कार्यक्रम र कार्यलय सहयोगी समेत)

स्थायी:-९ करार:-१२

३-स्वास्थ्य संस्थाहरु तर्फ जम्मा:-५७

स्थायी:-२८ करार:-२९

**कुल जम्मा:-१२३ जना  (स्थायी:-५७ करार:-६५ अस्थायी:-१)**

# विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था

क. आवधिक योजनाः प्रथम आवधिक योजना बनेको छ ।

ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचनाः बनेको छैन ।

ग. स्थानीय तहको वस्तुस्थिति विवरणः बनेको छ ।


घ. भूउपयोग योजनाः बनेको छ ।

ङ. स्थानीय भवन निर्माण मापदण्डः बनेको छ ।

च. राजस्व सुधार कार्ययोजनाः बनेको छ ।

छ. आन्तरिक नियन्त्रण प्रणालीः वनेको ।

# स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग




**स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली**
**८५.६ (गुणस्तर परीक्षण पश्चात)**

# बेरुजु सम्बन्धी

क. आ.व. २०८१/८२ सम्मको कायम कुल वेरुजु रकम (रु. हजारमा) ९०५००

ख. आ.व. २०८१/८२ मा फछ्यौंट भएको वेरुजु रकम (रु. हजारमा) १३,७१

ग. आ.व. २०८१/८२ मा फछ्यौंट गर्नुपर्ने कुल वेरुजु रकम (रु. हजारमा) ८७०

# न्यायिक समिति सम्बन्धी

क. लिखित रुपमा दर्ता भएका उजुरी/गुनासो संख्याः ६

ख. कारवाही वा फछ्र्यौट भएका उजुरी संख्याः ३

ग. कारवाही वा फछ्र्यौट भएका मध्ये पुनरावेदनमा गएका संख्याः नभएको

घः७ वटै वडामा मेलिमिलाप केन्द्र स्थापना तथा मेलमिलापकर्ता एवम् टोल समिति संयोजकलाइ कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिएको

ङ)वडा स्तर एवम् पालिकाको स्थानीय न्यायिक समितिमा मौखिक रुपमा आएका उजुरीहरुलाई सुनुवाई गरेको।

# वन,वातावरण तथा विपद् व्यवस्थापन

क. दमकल सेवाको उपलब्धता: आफ्नै नभएको /अन्य स्थानीय तहसँगको सहकार्यको व्यवस्था पनि नभएको

ख. फोहोर प्रशोधन केन्द्र: भएको

ग. स्यानीटरी ल्याण्डफिल साईट: भएको, प्रयोगमा आइरहेको छ ।

# गाउँपालिकाले हाल सम्म निर्माण गरेका ऐन कानुनहरु

| सि.नं | विवरण | संख्या |
|---|---|---|
| 1 | ऐन (आर्थिक ऐन र विनियोजन ऐन समेत) | २९ |
| 2 | नियमावली | ३ |
| 3 | कार्यविधी | ६२ |
| 4 | मापदण्ड | ३ |
| | **जम्मा** | **९७** |

# कार्यालयले हाल सम्म प्रयोगमा ल्याएका विद्युतीय सेवाहरु

- लेखा र राजश्व शाखा- SUTRA
- जिन्सि शाखा- PAMS
- सार्वजनिक खरिद- EGP System,
- प्रधानमन्त्री रोजगार कार्यक्रम-  PMEP,
- लघुउद्यम विकास कार्यक्रम-  MEDPA,
- स्वास्थ्य- Pregnant Tracking App
- सामाजिक सुरक्षा- GESI-MIS
- E- Payment System पूर्ण रुपमा लागु भएको
- E Attendance
- SMS Gateway

# आ.व. ०८२/०८३ को संक्षिप्त वित्तीय विवरण (रु हजारमा)

| | | खुद पाएको (रु.) | खर्च(रु.) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | सङ्घ | ७०७५८.५३ | ७०६६७.११४ | ९९.८७ |
| | प्रदेश | ९२९६ | ९०५१.७५९ | ९७.३७ |
| सशर्त अनुदान | सङ्घ | ११६५६४.९९ | ११६५६४.९९० | १०० |
| | प्रदेश | २०० | २०० | १०० |
| समपुरक अनुदान | सङ्घ | ५५८१.२९७ | ५५८१.२९७ | १०० |
| | प्रदेश | ५९९४.२७६ | ५९९४.२७६ | ९९.९० |
| विशेष अनुदान | सङ्घ | ५२८७.६०० | ५२८७.६०० | १०० |
| | प्रदेश | ३३९३.६०२ | ३३९३.६०२ | १०० |
| राजश्व बाँटफाटबाट प्राप्त | सङ्घ | ६२५५६.२३३ | ६२४४८.१६१ | ९९.८२ |
| | प्रदेश | ५८९०.०३१ | ५७५५.६६६ | ९७.७१ |

क्रमश:

| | | | | |
|---|---|---|---|---|
| **रोयल्टी** | | ० | ० | - |
| **आन्तरिक स्रोत (स्थानीय तहको राजस्व अधिकार भित्रको मात्र)** | | १०६६६.८७३ | १०१६१.१४६ | ९५.२५ |
| **ऋण** | | ० | ० | - |
| **अन्य( बैक मौज्दात वा अ.ल्या. भए खुलाउने)** | | ० | ० | - |
| **जम्मा** | | ३७६१८९.४३२ | ३७५१०५.६११ | ९९.७१ |

# गत आ.व. ०८२/८३ को क्षेत्रगत वजेट तथा खर्चको विवरण(रकम रु हजारमा)

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २०५८० | १७९७६ | ८७.३४ | |
| २ | सामाजिक विकास | २५२०७६ | २३३३७० | ९२.५७ | |
| ३ | पूर्वाधार विकास | ५४१५४ | ४६९८९ | ८६.७६ | |
| ४ | सुशासन तथा अन्तरसम्बन्ध | ८९९० | ७९३९ | ८८.३० | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनीक | ७२३६९ | ६९५३८ | ९६.०८ | |
| | जम्मा | ४०८१६९ | ३७५८१२ | ९२.०७ | |

# आ.व. ०८२/८३ मा सम्पादित उल्लेखनीय कार्यहरु

- स्वास्थ्य बीमा बोर्ड र पैयूँ आधारभूत अस्पताल बीच सम्झौता भई स्वास्थ्य बीमा कार्यक्रमको प्रथम सेवा तथा उपचार बिन्दुको रुपमा पैयूँ आधारभूत अस्पतालबाट संचालनमा रहेको ।
- वडा नं.४ मा अवस्थित जनसेवा संस्कृत मा.वि.मा नेपाली र अग्रेजी दुवै माध्यमबाट पठनपाठन गर्ने व्यवस्था गरी नमुना विद्यालय वनाउन व्यवस्था गरिएको।
- गाउँपालिका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, अभिभावक संघका पदाधिकारी र सरकारी कर्मचारीका सन्ततीहरुलाई अनिवार्य सरकारी विद्यालयमा पठनपाठन गराउने व्यवस्था लागु गरिएको ।
- कार्यपालिकाको बैठकको जानकारी Group SMS मार्फत समेत गराउने गरेको ।

# क्रमशः

- गाउँपालिकाबाट हुने हरेक भुक्तानी EFT प्रणालीबाट हुने ब्यवस्था गरिएको ।
- फोहोरमैला व्यवस्थापनका लागि  संकलन केन्द्र निर्माण गरी नियमित सञ्चालनमा रहेको।
- कक्षा ८ को वार्षिक परिक्षा केन्द्र निर्धारण गरी सोको सम्पूर्ण ब्यवस्थापन गाउँपालिकामार्फत गरिएको ।
- अध्यक्षसँग ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम र टोल टोलमा नसर्ने रोगको स्क्रिनिङ शिविर सञ्चालन गरी १,००० भन्दा बढी ज्येष्ठ नागरिक तथा अन्य सर्वसाधारणको स्वास्थ्य परीक्षण गरी उपचारको दायरामा ल्याइएको।
- उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम मार्फत ८६ जना सुत्केरी महिलालाई ५,००० का दरले पोषण भत्ता वितरण गर्नुका साथै ३० देखि ६० वर्ष उमेर समूहका महिलाहरुमा पाठेघर तथा स्तन क्यान्सरको १०४ जना महिलालाई सफल स्क्रिनिङ गरिएको।
- मृगौला, मेरुदण्ड पक्षघात र क्यान्सर जस्ता जटिल प्रकृतिका ४१ जना दीर्घ रोगीहरुलाई मासिक ५,००० का दरले भत्ता वितरण गरी उपचार र निर्वाहमा सहयोग पुर्‍याइएको।

## क्रमश:

- कार्यपालिका र सभाको बैठकको निर्णय वेवसाइटमा राख्ने गरिएको ।
- कक्षा ६ मा अध्ययनरत ९५ जना बालिकाहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको (HPV) खोप प्रदान गरिएको र २,५०० भन्दा बढी विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण तथा पोषण लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको।
- मातृ तथा शिशु मृत्युदर कम गर्ने उद्देश्यले 'शून्य होम डेलिभरी' को अवस्था कायम राख्न गर्भवती महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रभावकारी रुपमा सञ्चालन गरिएको।
- रैथाने बाली प्रवर्द्धन  र आधुनिक प्रविधिमा जोड दिँदै ८ वटा कृषक समूहलाई ५० प्रतिशत अनुदानमा थ्रेसर तथा कुटानी-पिसानी मेसिन वितरण गरिएको साथै चिस्यान सेन्टरमा अटोमेटिक जेनेरेटर खरिद तथा जडान गरी केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालन गरिएको।
- व्यावसायिक कृषिलाई बढावा दिन वडा नं. २ र ५ मा सुन्तला क्षेत्र विस्तार गरी १४ वटा फर्म तथा समूहलाई सहयोग गरिएको, ३,५०० कफीका बिरुवा ५० प्रतिशत साझेदारीमा वितरण गरिएको र समूहमा आबद्ध युवाहरुलाई बाँझो जग्गा भाडामा लिई रोजगारी प्रदान गर्दै अदुवा तथा बेसार खेती प्रवर्द्धन गरिएको।

## क्रमशः

- उत्पादन र उत्पादकत्व वृद्धिका लागि ८१ वटा माटोको नमूना परीक्षण गरी २४५ जना कृषकलाई निःशुल्क कृषि चुन वितरण गरिएको र ५१३ जना कृषकको खेतीबालीमा देखिएका रोग/किरा नियन्त्रणका लागि जैविक तथा रासायनिक विषादी सहयोग गरी बाली संरक्षणमा टेवा पुऱ्याइएको।
- १०१० जना कृषकका पशुपन्छीलाई कार्यालय मार्फत निःशुल्क औषधि वितरण तथा नियमित पशु स्वास्थ्य सेवा प्रदान गरिएको।
- रम्परागत कृषि प्रणालीको संरक्षणका लागि १६७ जना कृषकलाई गोरु पालन प्रोत्साहन अनुदान (प्रति हल ४,०००) वितरण गरिएको।
- समुदाय स्तरमा रेबिज विरुद्ध र पशुहरुमा फैलिएको लम्पी स्किन महामारी विरुद्ध खोप अभियान तथा सचेतना कार्यक्रम सञ्चालन गरिएको।

# क्रमश:

- अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री (४४ थान कान सुन्ने मेसिन, ८ थान लट्ठी र ५ थान ह्वीलचेयर) वितरण गर्नुका साथै ६५ जनालाई मादल बजाउने सीप विकास तालिम प्रदान गरिएको।
- स्थानीयलाई स्वरोजगार बनाउन २७ जनालाई धुप तथा अचार बनाउने सीप विकास तालिम प्रदान गरिएको र ५ वटा उद्यमी समूहलाई प्रविधि हस्तान्तरण गरिएको।
- स्थानीय तहबाटै स्थायी लेखा नम्बर (PAN) सेवा प्रदान गर्ने पर्वत जिल्लाको पहिलो पालिकाको रूपमा स्थापित भई हालसम्म १५ व्यावसायिक र २३ व्यक्तिगत गरी कुल ३८ जनालाई PAN प्रमाणपत्र वितरण गरिएको।
- श्रमको सम्मान राष्ट्रको अभियान' अन्तर्गत ५८ वटा विभिन्न आयोजनाहरु मार्फत ६२ जना सूचीकृत बेरोजगार नागरिकलाई ५,७४४ मानव-दिन बराबरको प्रत्यक्ष रोजगारी र ज्याला उपलब्ध गराइएको।

## क्रमशः

- १० शय्या अस्पताल निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको र विभिन्न वडाहरुमा सडक स्तरोन्नति, पक्की कुलो निर्माण तथा सिँचाई आयोजनाका कार्यहरु ठेक्का मार्फत सम्पादन गरिएको।
- वडा नं. ३ को दलित बस्तीमा खानेपानी पहुँच विस्तार (५० घरधुरी), फोहोरमैला व्यवस्थापनका लागि ट्र्याक्टर खरिद कार्य सम्पन्न गरिएको।
- आधुनिक कृषि प्रणालीलाई प्रोत्साहन गर्न पालिका भित्र ४२ वटा हाई टेक टनेल र १४ वटा नर्सरी टनेल निर्माण कार्य सफलतापूर्वक सम्पन्न गरिएको।
- पैयूँ आधारभूत अस्पतालमा आफ्नै फार्मेसी सञ्चालनका लागि औषधिहरू खरिद गरिएको र अस्पतालदेखि गाउँपालिका भवन जोड्ने सडक निर्माण कार्यलाई अगाडि बढाइएको।

## क्रमशः

- विभिन्न तहका उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी तथा उत्कृष्ट शिक्षकहरुलाई सम्मान र प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिएको ।
- शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि एकीकृत पाठ्यक्रममा आधारित कस्टमाइज्ड तालिम (Customized Training) सञ्चालन गरिएको ।
- विद्यार्थीहरुको अतिरिक्त क्रियाकलाप अन्तर्गत स्मरण दौड, हाजिरीजवाफ र वक्तृत्वकला जस्ता प्रतियोगिताहरु सम्पन्न गरिएको ।

# गत आ.व.०८२/८३ को संक्षिप्त प्रगति विवरण

- कार्यपालिकाको बैठक संख्या:-१५
- कर्मचारीहरु वडाहरुमा नै गई योजना संम्झौता र अभिमुखीकरण गर्ने व्यवस्था गएको ।
- योजना सम्झौता भएको संख्या:-२५३ ।
- ठेक्का भएका योजनाहरु संख्या:- १० (आय तर्फ १ र निर्माण तर्फ ९)
- उपभोक्ता संग सम्झौता भएको संख्या:२५३ ।
- सम्पन्न भएको योजना संख्या:- २४९ ।
- योजना र पूँजीगत खर्चको भुक्तानी रकम: ९,६२,२२,००० ।
- समाजिक सुरक्षा भत्ता वितरणको संख्या:- २१७० जना ।

## क्रमशः

- राजश्व असुली भएको रकम रु. ६४,३७,७९८ ।
- नयाँ व्यावसाय दर्ता संख्या:-२४ हाल सम्म व्यावसाय दर्ता संख्या:-५८३ ओटा।
- व्यवसाय नविकरण संख्या: ३०२ वटा ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम कामदार छनौट संख्या:- ६२ जना।
- गत आ.व.को कुल वजेट रु.४०,८१,६९,०००।
- आ.व.२०८२/०८३ को निकासा प्राप्त रु. ३७,६१,८९.४३२।
- आ.व.२०८२/०८३ को खर्च रु.३७,५८,१२,०००।
- (चालू रु.२९,३८,७९,००० र पूँजीगत रु.८,१९,३३,०००)

# केही महत्वपूर्ण तस्विरहरु

# निर्माणाधिन १० शैयाको आधारभुत अस्पताल





# सरौं सिरवानी हाडिखर्क बालाकोट सडक



# हाडिखर्क भोर्ले काभ्रे ईकाङ्ग जैथुम सडक





# फोहोरमैला व्यवस्थापन केन्द्रका लागी ट्र्याक्टर खरिद



# फोहोरमैला व्यवस्थापन परियोजना पैयूँ- ०५, पर्वत





# वडामै योजना सम्झौता र बैंक खाता खोल्दै पैयूँ

लक्ष्मीप्रसाद सापकोटा

पर्वत- दक्षिण पर्वतको पैयूँ गाउँपालिकाले योजना सम्झौता तथा बैंक खाता खोल्ने कार्य वडाबाटै सुरु गरेको छ।

नागरिकलाई सहज र सरल सेवा प्रदान गर्दै घण्टौंको समय लगाएर पालिका धाउनुपर्ने झन्झट हटाउनका लागि वडामै पुगेर योजना सम्झौताको काम थालिएको हो। पैयूँ गाउँपालिका-१ टकलाकबाट गत बुधबारदेखि शिविर सञ्चालन गर्न थालिएको हो पालिकाको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने लक्ष्यका साथ अघि बढाइएको यो अभियान पालिकाका सातवटै वडामा सञ्चालन भइरहेको छ।

पहिलोपटक गाउँपालिकाका सबै कर्मचारी वडा कार्यालयमै पुगेर योजना सम्झौताका काम गर्न थालिएको पैयूँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले जानकारी दिए। वडा नम्बर १, २, ३ र ५ मा गरी अहिलेसम्म ५० भन्दा बढी योजना सम्झौता भइसकेको उनले बताए। कर्मचारीसँगै स्थानीय वाणिज्य बैंकका कर्मचारीसमेत पुगेर सम्बन्धित उपभोक्ता समितिको खाता खोल्ने कार्य गरेका छन्।



अध्यक्ष ठकुरीले वडाबाटै सम्झौता गर्ने कार्यले उपभोक्ता समिति र नागरिकलाई ठूलो राहत मिलेको छ। विशेषगरी उपभोक्ता समितिमार्फत् हुने योजना सम्झौतामा जोड दिइएको छ। सडक मर्मत, साना सिँचाइ, खानेपानी, कृषि तथा पशुपालन फार्मका अनुदानमूलक योजना, विद्यालय मर्मत, खेलमैदान निर्माणजस्ता योजना वडामै पुगेर सम्झौता गरिएको अध्यक्ष ठकुरीको भनाइ छ।

यो अभियानले सेवा प्रवाहमा पारदर्शिता, सहजता र सरलता ल्याउने विश्वास उनको छ। गाउँपालिकाका उपाध्यक्ष यामकुमारी रानाले यो कदमले ग्रामीण क्षेत्रमा सेवा पालिकाको पहुँच विस्तार गर्न सहयोग पुऱ्याएको बताए। उनले भनिन्, 'यसले नागरिकलाई पालिकासम्म धाउनुपर्ने समस्या समाधान गरेर उनीहरूको समय र खर्च बचत गरेको छ।'

पालिकाका प्राविधिक प्रमुख अनिलकमल न्यौपानेले नागरिकलाई सहज रुपमा सेवा प्रवाह गर्न र समय बचत गर्न यो कार्यक्रम प्रभावकारी हुने बताए। उनले सम्झौता लगत्तै उपभोक्ताले सालबसाली योजनाको काम सुरु गर्ने भएकाले असारे विकासलाई रोक्न सकिने बताए। समयमै काम गर्दा गुणस्तर पनि हुने र यसमा पालिकाले आवश्यक सहजीकरण समेत गर्ने उनको भनाइ छ।

'पहिले पालिका धाउन धेरै समय र खर्च लाग्थ्यो। वडाबाटै सम्झौता गर्न पाउँदा हामीलाई सहज भएको छ।' भञ्ज्याङ पोखरी निर्माण योजनाका अध्यक्ष भवानीशंकर भुर्तेलले यो प्रयासले विकास निर्माणको कामलाई गति दिएको बताए। उनले भने, 'योजनाका काम समयमै सम्पन्न गर्न यो कदम निकै उपयोगी भएको छ।'

उन्यालो वडा अभियानका अध्यक्ष गंगाधर भुर्तेलले वडामा नै सेवा उपलब्ध गराउनु सकारात्मक रहेको भन्दै भने, 'यसले नागरिकलाई प्रत्यक्ष रुपमा लाभ पुऱ्याएको छ।' गुरुङ गाउँ प्रतीक्षालय निर्माण योजनाका अध्यक्ष बेलबहादुर गुरुङले पनि वडाबाटै सम्झौता कार्य गर्नुले नागरिकलाई राहत दिएको बताए। उनले भने, 'पहिले पालिका पुग्दा धेरै समस्या थियो, तर अब गाउँकै विकास सहज भएको छ।'

यसअघि जिल्लाको महाशिला गाउँपालिका र जलजला गाउँपालिकाले पनि वडामै पुगेर योजना सम्झौता गर्ने शिविर सञ्चालन गरिसकेका छन्।

# राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताका तस्विररु





# स्थानीय तहमा प्रवाह हुने करदातासँग सम्बन्धित सेवाहरुको शुभारम्भ कार्यक्रम



# लघु उद्यम विकास कार्यक्रम अन्तर्गत अचार बनाउने तालिम






# सरसफाई कार्यक्रमका तस्बीरहरु





# घटना दर्ता संशोधन तथा सरकारी कागजातको खोजपड्ताल शिविर सम्बन्धी तस्बीरहरु





# गाउँपालिकाको अगुवाइमा बजार अनुगमन हुँदै



# आधुनिक कृषि प्रणालीलाई प्रोत्साहन गर्न  हाई-टेक टनेल निर्माण गरेको



# हाई-टेक टनेल परियोजना अन्तर्गत उपकरण वितरण



# मौसमजन्य विपदबाट क्षेती भएको धानबालीको लागत सकंलन



# प्रमुख प्रशासकीय अधिकृतज्यूहरुको विदाइ तथा स्वागत






धन्यवाद ।